# नेपाल नागरिक उड्डयन प्राधिकरण

## विमानस्थल सरसफाई सेवा निर्देशिका,२०७९

नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रधान कार्यालय, बबरमहल, काठमाण्डौं, नेपाल ।

# नेपाल नागरिक उड्डयन प्राधिकरण

## विमानस्थल सरसफाई सेवा  निर्देशिका,२०७९

(ने.ना.उ.प्रा.संचालक समितिको ४११ औं बैठकबाट स्वीकृत, मिति, २०७९/१२/१८)

## विषय सूची


| | | | |
|---|---|---|---|
| परिच्छेद | १ | प्रारम्भिक.............................................................................. | २ |
| | १ | संक्षिप्त नाम र प्रारम्भः ............................................................ | २ |
| | २ | परिभाषाः.............................................................................. | २ |
| परिच्छेद | २ | विमानस्थलका मुख्य सरसफाई क्षेत्रहरु................................................................. | ३-४ |
| परिच्छेद | ३ | विमानस्थल सरसफाई कार्ययोजना ................................................................. | ४-५ |
| परिच्छेद | ४ | विमानस्थल बर्गिकरण (सरसफाई) ................................................................. | ५-६ |
| परिच्छेद | ५ | सरसफाई सेवा कार्यान्वयन सम्वन्धी व्यवस्था ................................................... | ६-७ |
| परिच्छेद | ६ | 'फोकल पोइन्ट' सम्वन्धी व्यवस्था ........................................................ | ७-८ |
| परिच्छेद | ७ | चेक लिष्ट सम्वन्धी व्यवस्था ................................................................ | ८ |
| परिच्छेद | ८ | सरसफाई सामाग्री गुणस्तर एवं प्रयोग | ८ |
| परिच्छेद | ९ | दण्ड/पुरस्कार व्यवस्था | ८ |
| परिच्छेद | १० | अनुगमन एवं निरिक्षण | ८ |
| परिच्छेद | ११ | विविध | ९ |
| अनूसूचि | १ | परिच्छेद २ नियम २ संग सम्वन्धीत | १० |
| अनूसूचि | २ | परिच्छेद ५ उपनियम नियम १.५ संग सम्वन्धीत ........................................... | ११-१९ |
| अनूसूचि | ३ | परिच्छेद ७ नियम १ संग सम्वन्धीत ................................................ | २०-२४ |
| अनूसूचि | ४ | परिच्छेद ८ नियम १ संग सम्वन्धीत ................................................ | २५-२८ |

नेपाल नागरिक उड्डयन प्राधिकरण

"विमानस्थल सरसफाई सेवा निर्देशिका २०७९"

**प्रस्तावना** : नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गत स्थापना भएका विमानस्थलहरुमा पछिल्लो समयमा हवाई यात्रा गर्ने यात्रुहरुको बढोत्तरी एंव विगत समयमा निर्माण गरिएका सिमित भौतिक पूर्वाधार जनशक्ति र आर्थिक श्रोत साधनबाट यात्रुहरुलाई उपलव्ध गराउँदै आएको सेवा सुविधाप्रति यात्रु एवं सेवाग्राहीबाट वेला वखत आउने गरेको गुनासोको संबोधन गर्ने प्राधिकरणको काम कर्तव्य अधिकार रहेको,

विमानस्थलमा यात्रा गर्ने यात्रुहरुको चेतनाको स्तर, सरसफाई कार्यमा गरिने गुणस्तरीय सेवाको लेखा जोखा गर्ने परिपाटी, स्वदेशी एवं विदेशी यात्रुले सरसफाई प्रति हेर्ने दृष्टिकोण, यसले पर्यटन क्षेत्रमा पार्ने प्रभाव, सूचना प्रविधिको उच्चतम प्रयोगबाट हुने सकारात्मक एवं नकारात्मक टीकाटिप्पणी यसले जनमानसमा पार्ने प्रभाव जस्ता कारणको निदान गर्न, सिमित श्रोत,साधन,जनशक्ति, भौतिक पूर्वाधारको उच्चतम प्रयोग गरी विमानस्थलमा भईरहेको सरसफाई लगायतको कार्यलाई थप चुस्त दुरुस्त राखी विमानस्थलमा यात्रा गर्ने यात्रुहरुले विमानस्थलको टर्मिनल शौचालय लगायतको सरसफाई कार्य सन्तोषजनक रुपमा भईरहेको अनुभूति प्रदान गर्न, यात्रुहरुको सरसफाई कार्य प्रति गुनासो आउन नदिन, विमानस्थलमा भइरहेको सरसफाई कार्यलाई थप व्यवस्थित बनाउन, विमानस्थललाई सरसफाई मैत्री बनाउन आवश्यक देखिएकोले,

नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन २०५३ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी नेपाल नागरिक उड्डयन प्राधिकरण संचालक समितिले यो निर्देशिका बनाई लागु गरेको छ ।

परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

१. यो निर्देशिकाको नाम, "नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सरसफाई सेवा निर्देशिका २०७९" रहेको छ ।

२. यो निर्देशिका प्राधिकरण संचालक समितिबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

३. यो निर्देशिका नेपाल नागरिक उड्डयन प्राधिकरण, प्राधिकरण अन्तर्गत उपत्यका भित्र रहेका विभिन्न कार्यालयहरु एवं सबै अन्तर्राष्ट्रिय तथा आन्तरिक विमानस्थलहरुमा लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

क. ऐन भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन २०५३ सम्झनु पर्दछ ।

ख. "निर्देशिका" भन्नाले "नेपाल नागरिक उड्डयन प्राधिकरण "विमानस्थल सरसफाई सेवा निर्देशिका २०७९" सम्झनु पर्दछ ।

ग. 'प्राधिकरण' भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनु पर्दछ ।

घ. 'महानिर्देशक' भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकलाई सम्झनु पर्दछ ।

ङ. 'प्रधान कार्यालय' भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरणको प्रधान कार्यालयलाई सम्झनु पर्दछ ।

च. 'कार्यालय प्रमुख' भन्नाले सम्वन्धित विमानस्थल स्थित नागरिक उड्डयन कार्यालयमा कार्यालय प्रमुखको रुपमा कार्य गर्न विमानस्थलको बर्गिकरण अनुरुप प्राधिकरणबाट नियुक्त महाप्रवन्धक,प्रतिष्ठान प्रमुख, निर्देशक, उपनिर्देशक, प्रवन्धक,उपप्रवन्धक, बरिष्ठ अधिकृत वा अधिकृत समेतलाई सम्झनु पर्दछ ।

छ. 'नागरिक उड्डयन कार्यालय' भन्नाले प्राधिकरण अन्तर्गत विभिन्न विमानस्थलहरुमा अवस्थित नागरिक उड्डयन कार्यालयहरुलाई सम्झनु पर्दछ ।

ज. "विमानस्थल" भन्नाले वायुयान प्रस्थान वा अवतरण गर्ने कामको निमित्त पूरा वा आंशिक रुपमा प्रयोग हुने कुनै निश्चित वा सिमित जल वा स्थल क्षेत्र सम्झनु पर्छ । सो शव्दले त्यस क्षेत्रमा रहेका वा त्यस क्षेत्रसंग सम्वन्धित सबै भवन, टहरा,जहाज, डुङ्गा र घाटलाई समेत जनाउँछ ।

झ. "विमानस्थल सरसफाई सेवा" भन्नाले विमानस्थलको हाता भित्र रहेको विमानस्थलले भोगचलन गर्दै आएको प्राधिकरणको स्वामित्व भित्र रहेका विमानस्थलको Air Side एवं Land Side को क्षेत्रमा गरिने सरसफाई कार्यलाई जनाउँदछ" । माथि उल्लेखित दुवै क्षेत्रको हेरचाह, रेखदेख, सरसफाई लगायतको कार्य चुस्त दुरुस्त रुपमा राख्न लगाउनु प्रत्येक कार्यालय प्रमुखको उत्तरदायित्व हुनेछ ।

## परिच्छेद - २
## विमानस्थलका मुख्य सरसफाई क्षेत्रहरु

१. विमानस्थल सरसफाई कार्यलाई थप प्रभावकारी बनाउन यात्रु एवं सेवाग्राहीहरुको बढी चाप हुने क्षेत्रहरुको पहिचान गरि प्राथमिकताका आधारमा विमानस्थलमा स्तरीय सरसफाई व्यवस्था कायम गर्नुपर्ने छ ।

१.१ विमानस्थलको चेनललिंङ्क फेन्सिङ्ग जीर्ण भई त्यस क्षेत्रबाट अनधिकृत व्यक्ति,चौपाया,जंगली जनावर भित्र पसी हवाई सुरक्षामा चुनौति दिन सक्ने हुँदा त्यस्ता ठाउँको पहिचान गरी आवश्यक मर्मत संभारको व्यवस्था मिलाई हवाई सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउनु सम्वन्धित कार्यालय प्रमुखको कर्तव्य हुनेछ ।

१.२ विमानस्थलको पेरिमिटर ( चेनललिंङ्क फेन्सिङ्ग) धावनमार्ग आसपास क्षेत्र, उडान अवतरण गर्ने क्षेत्र भित्र रहेका खर-घाँस झाडी, वुट्यान रुख नियमित रुपमा कटान गर्न लगाई विमानस्थल क्षेत्र सफासुग्घर राख्ने ।

१.३ विमानस्थलको आसपास क्षेत्रमा फोहोर व्यवस्थापन एवं कम्तिमा ३ किलोमिटर क्षेत्रमा बधशाला स्थापना हुन नदिने ।

१.४ विमानस्थलको जहाज पार्किङ्ग क्षेत्रमा Equipment Yards, सामान राख्ने ट्रली, व्यागेज ट्रली आदि राख्ने स्थान तोकि उडान पश्चात अनिवार्य रुपमा तोकिएको ठाँउमा वायूसेवा कम्पनीलाई उक्त ठाँउमा सामान राख्न लगाई पार्किङ्ग क्षेत्र सफा राख्ने ।

१.५ विमानस्थलको मूख्य प्रवेशद्धार देखि कार्यालय परिसर आसपासका महत्वपूर्ण क्षेत्रहरुको सरसफाई, बागवगैचा निर्माण, सवारी साधन पार्किङ्ग क्षेत्र, शौचालय आदिको पूर्ण सरसफाई गरी विमानस्थल क्षेत्रको सौन्दर्यकरणमा विशेष ध्यान दिने ।

१.६ प्रत्येक विमानस्थलले टर्मिनल भवनको चेकइन, प्रस्थान, आगमन, विशिष्ट कक्षहरुको पूर्ण सरसफाई गर्नुको साथै त्यहाँ अवस्थित शौचालयहरुको सरसफाईमा विशेष ध्यान दिनुपर्नेछ ।

१.७ शौचालय सफासुघर राख्न आवश्यक पर्ने सरसफाई सामाग्री (हरपीक, फिनेल,एयर फ्रेशर, टवाइलेट पेपर, ग्लोप्स, झाडु कुच्चो, टवाइलेट व्रस,बाल्टीन,जग, म्याट, डिटोल, सावुन आदि) गुणस्तर युक्त राख्नुका साथै नियमित पानी एवं जनशक्तिको व्यवस्थापन चुस्त दुरुस्त रुपमा राख्नुपर्नेछ ।

१.८ विमानस्थलको शौचालय, चेकइन, काउन्टर क्षेत्र, स्टराइल-हल लगायतको क्षेत्रमा कार्यालयबाट उपलव्ध गराइएका विभिन्न सेवा सुविधाहरुको चेकलिस्ट तयार गरी प्रत्येक दिन/सिफ्टमा तोकिएको व्यक्तिबाट नियमित चेक जाँच गरी कार्यालयबाट तोकिएको 'फोकल पोइन्ट' समक्ष वुझाएको कार्य सन्तोषजनक रुपमा भए नभएको बारेमा कार्यालय प्रमुखबाट अनिवार्य रुपमा प्रत्येक दिन निरिक्षण/अवलोकन गरी चेक लिस्टमा औल्याईएका राय सुझावलाई अनिवार्य रुपमा कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

१.९ उपलव्ध सरसफाई कर्मचारीहरुको वैज्ञानिक व्यवस्थापन गरी न्यूनतम जनशक्तिबाट अधिकतम कार्य गर्ने/गराउने प्रयोजनको लागि सम्भव भएसम्म सरसफाई उपकरणहरुलाई समेत प्रयोगमा ल्याउने र प्रत्येक शौचालय (महिला/पुरुष, अपाङ्गमैत्री) हरुमा सेवाग्राहीहरुबाट सेवा ग्रहण गर्ने वित्तिकै आवश्यक सरसफाई गर्नको लागि अनिवार्य रुपमा सरसफाई Dedicated जनशक्ति Stand by राख्ने ।

१.१० टर्मिनल भवन लगायत आसपास क्षेत्रमा पूर्ण रुपमा धुम्रपान निषेधित क्षेत्र घोषणा गरी आवश्यक साइनेज राख्न लगाउने । त्यसको प्रभावकारीताको नियमित अनुगमन गर्ने/गराउने ।

२. विमानस्थलक्षेत्रमा हवाई यात्रु एवं सेवाग्राहीले देखिने गरी सरसफाई सचेतना सम्वन्धी सामाग्री सभ्य एव शिष्ट भाषामा प्रयोग गरिएको 'वाक्याशं' राखी प्रचार प्रसार सम्वन्धी व्यानर बोर्ड राख्नुको साथै त्यसमा प्रयोग गरिने बाक्याशंको नमूना सरसफाई सचेतना सम्वन्धी सामाग्री अनुसुची १ मा उल्लेख गरेबमोजिम हुनेछ ।

२.१ विमानस्थल क्षेत्र र परिसर आसपास क्षेत्रको फोहोर व्यवस्थित रुपमा विर्सजन गर्ने वा तोकिएको स्थानमा संकलन गरी राख्ने व्यवस्था मिलाउने । संकलित फोहोरलाई कुहिने र नकुहिने बर्गिकरण गरी आवश्यक व्यवस्थापन गर्ने ।

२.२ टर्मिनल कक्षको भुई भित्तामा साबुन, सरफपानी वा अन्य गुणस्तरयुक्त केमिकल सहित निरन्तर रुपमा पुछ्ने, भित्ताहरु नियमित रुपमा सफा गर्ने व्यवस्था मिलाउने ।

## परिच्छेद -३
## विमानस्थल सरसफाई कार्ययोजना

१. **विमानस्थल सरसफाई कार्ययोजना** :

(क) विमानस्थलहरुले सरसफाई कार्यलाई चुस्त दुरुस्त रुपमा राख्न, विमानस्थल सरसफाई मैत्री बनाउन, भौतिक पूर्वधारको अवस्था, उपलव्ध जनशक्ति, सरसफाई कार्यमा प्रयोग गरिने सामानहरुको विस्तृत विवरण, गुणस्तरीय सामानको उपलव्धता सरसफाई बजेट आदिको विवरण संलग्न गरी विमानस्थल सरसफाई कार्य योजना तर्जुमा गर्नुपर्नेछ ।

(ख) कार्ययोजना पठाउनुपर्ने : विमानस्थल सरसफाई निर्देशिका स्वीकृत भएको मितिले १५ दिन भित्र प्रत्येक विमानस्थलले सरसफाई कार्ययोजना स्वीकृत गरी सो को जानकारी आन्तरिक विमानस्थल तथा सुविधादेय विभाग, प्रधान कार्यालयमा पठाउनुपर्नेछ ।

(ग) बैठक राख्नुपर्ने : विमानस्थलले कार्ययोजना मुताविकको सेवा संचालन सम्वन्धी विस्तृत प्रभावकारिताका बारेमा आवश्यक छलफल एवं निर्णय गर्न विमानस्थलमा रहेका सरोकारवाला पक्षहरु (विमानस्थल सुरक्षा,सरसफाई सेवाका आधिकारीक प्रतिनिधि, वायुसेवाका कर्मचारी, विमानस्थलस्थित व्यवसायी आदि) सम्मिलित बैठक प्रत्येक महिना राख्नुपर्नेछ । उक्त बैठकमा आवश्यकता परेको खण्डमा स्थानीय प्रशासन, विभिन्न सुरक्षा निकाय,आवश्यकता अनुसारको अन्य स्थानीय निकाय एवं व्यक्तिलाई समेत सहभागी गराउन सकिनेछ ।

(घ) प्रगति विवरण पठाउनुपर्ने : प्रत्येक कार्यालयले अनिवार्य रुपमा प्रत्येक महिनाको १ गते र १६ गते सरसफाई सम्वन्धी भए गरेका गतिविधि एवं प्रगति सहितको विवरण आन्तरिक विमानस्थल तथा सुविधादेय विभागमा पठाउनुपर्नेछ ।

(ङ) सुझाव पेटिका राख्नुपर्ने : प्रत्येक कार्यालयबाट सरसफाई सम्वन्धी भएका गतिविधिहरु बारेमा हवाई यात्रुहरुले देखिने ठाँउमा "सरसफाई सुझाव" पेटिका राख्नुपर्नेछ । सरसफाई सुझाव पेटिकाको रुपमा QR Code वा अन्य उपयुक्त वैकल्पिक Digital Instrument को प्रयोग गर्न सकिनेछ।

(च) सुझाव कार्यान्वयन : कार्यालय प्रमुखबाट प्रत्येक हप्ता सरसफाई सुझाव पेटिका अनुसार प्राप्त सुझाव प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्नेछ ।

(छ) विमानस्थलले कार्ययोजना बनाउँदा सरसफाई सचेतना सम्वन्धी विषयबस्तु समेत समावेश गरी उचित समय निर्धारण गरी सरसफाई कार्यमा संलग्न विमानस्थल कर्मचारी, सुरक्षा निकायका प्रतिनिधिहरु, वायुसेवा कम्पनीका कर्मचारी,विभिन्न सरकारी एवं गैरसरकारी निकायका कर्मचारीहरु, स्थानीय निकायका व्यक्तिहरु समेत संलग्न गराई प्रत्येक ३ महिनामा सरसफाई अभियान संचालन गर्नुपर्नेछ ।

## परिच्छेद -४
## विमानस्थल बर्गीकरण

१. विमानस्थलमा हुने हवाई उडान संख्या, यात्रुचाप, विमानस्थलको वनावट, भौतिक संरचना, भौगोलिक अवस्था, विमानस्थलमा जडान भएका उपकरण, कार्यरत जनशक्ति आदिका आधारमा सरसफाई सेवाका दृष्टिकोणले विमानस्थललाई देहाय बमोजिम बर्गीकरण गरिएको छ ।

(क) **अन्तर्राष्ट्रिय विमानस्थल :-** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय र नेपाल नागरिक उड्डयन प्राधिकरण सहित उपत्यका स्थित सम्पूर्ण कार्यालयहरु ।

(ख) **ट्रङ्करुट एवं उच्च उडान चाप भएका विमानस्थल** :– विराटनगर नागरिक उड्डयन कार्यालय, नेपालगंज नागरिक उड्डयन कार्यालय, पोखरा ना.उ.कार्यालय, चन्द्रगढी नागरिक उड्डयन कार्यालय, जनकपुर नागरिक उड्डयन कार्यालय, सिमरा नागरिक उड्डयन कार्यालय, भरतपुर नागरिक उड्डयन कार्यालय, तेञ्जिङ्ग-हिलारी विमानस्थल नागरिक उड्डयन कार्यालय, सुर्खेत नागरिक उड्डयन कार्यालय, धनगढी नागरिक उड्डयन कार्यालय,जोमसोम नागरिक उड्डयन कार्यालय, सिमिकोट नागरिक उड्डयन कार्यालय, तुम्लिङ्गटार नागरिक उड्डयन कार्यालय, जुम्ला नागरिक उड्डयन कार्यालय, राजविराज नागरिक उड्डयन कार्यालय ।

(ग) **भौगोलिक विशेषतायुक्त न्यून उडान चाप भएका विमानस्थल** :- ताप्लेजुङ्ग नागरिक उड्डयन कार्यालय, फाप्लु नागरिक उड्डयन कार्यालय, भोजपुर नागरिक उड्डयन कार्यालय, डोल्पा नागरिक उड्डयन कार्यालय, रामेछाप नागरिक उड्डयन कार्यालय, थामखर्क नागरिक उड्डयन कार्यालय, रारा नागरिक उड्डयन कार्यालय, बाजुरा नागरिक उड्डयन कार्यालय,डोल्पा नागरिक उड्डयन कार्यालय, साँफेवगर नागरिक उड्डयन कार्यालय, दाङ्ग नागरिक उड्डयन कार्यालय,

बझाङ्ग नागरिक उड्डयन कार्यालय, इलाम सुकीलुम्वा नागरिक उड्डयन कार्यालय, सल्ले नागरिक उड्डयन कार्यालय, खानीडाँडा नागरिक उड्डयन कार्यालय ।

(घ) **संचालनमा नरहेका विमानस्थल** : मनाङ्ग नागरिक उड्डयन कार्यालय, चौरजहारी नागरिक उड्डयन कार्यालय, रुम्जाटार नागरिक उड्डयन कार्यालय, बैतडी नागरिक उड्डयन कार्यालय, डोटी नागरिक उड्डयन कार्यालय, महेन्द्रनगर नागरिक उड्डयन कार्यालय, खिजी चण्डेश्वरी नागरिक उड्डयन कार्यालय, रेसुङ्गा गुल्मी नागरिक उड्डयन कार्यालय, काँगेलडाँडा नागरिक उड्डयन कार्यालय, लामिडाँडा नागरिक उड्डयन कार्यालय, बाग्लुङ्ग नागरिक उड्डयन कार्यालय, दार्चुला नागरिक उड्डयन कार्यालय र मेघौली नागरिक उड्डयन कार्यालय, मसिनेचौर नागरिक उड्डयन कार्यालय, टिकापुर नागरिक उड्डयन कार्यालय ।

१.१ बर्गीकरण ‘क’ र ‘ख’ मा उल्लेखित विमानस्थलहरुमा माथि उल्लेखित सरसफाई मापदण्ड एवं कार्ययोजनाको अनिवार्यरुपमा पालना गरी/गराई सरसफाई कार्यलाई चुस्त दुरुस्त राख्नुपर्नेछ । साथै उपलव्ध गराईएको सरसफाई लगायतको सेवा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम हुनुपर्नेछ ।

१.२ बर्गीकरण ‘ग’ मा उल्लेखित विमानस्थलहरुले उडान एवं हवाई यात्रुको चापलाई मध्यनजर गरी सार्वजनिक गुनासो नआउने किसिमले आवश्यकता अनुसार सरसफाई व्यवस्थापन गर्नुपर्नेछ । साथै ती विमानस्थलहरुको सरसफाईमा प्रयोग गरिने सामानहरुको प्रकार र गुणस्तर लगायतका कुराहरु ‘अनुसूचि ४’ मा उल्लेख भए बमोजिम हुनुपर्नेछ ।

१.३ बर्गीकरण ‘घ’ मा परेका विमानस्थलहरुले प्राधिकरणको निर्णयानुसार उडान संचालन हुने अवस्थामा बर्गीकरण ‘ग’ बमोजिमको सेवा उपलव्ध गराउनुपर्नेछ । साथै ती विमानस्थलहरुको सरसफाईमा प्रयोग गरिने सामानहरुको प्रकार र गुणस्तर लगायतका कुराहरु ‘अनुसूची ४’ मा उल्लेख भए बमोजिम हुनुपर्नेछ ।

१.४ विमानस्थलहरुले देशको ऐतिहासिक भौगोलिक, सांस्कृतिक, पुरातत्विक एवं राष्ट्रिय भावना झल्कने खालका सामाग्रीहरु विमानस्थलको महत्वपूर्ण क्षेत्रमा राख्नुपर्नेछ ।

१.५ बर्गीकरण ‘क’ र ‘ख’ का विमानस्थलहरुले टर्मिनल भित्रका महत्वपूर्ण क्षेत्र एवं शौचालयहरुमा Mind Relaxation एवं राष्ट्रिय भावनाले ओतप्रोत हुने श्रव्य धुन बजाउने व्यवस्था मिलाउनुपर्नेछ

## परिच्छेद -५
## सरसफाई सेवा कार्यान्वयन सम्वन्धी व्यवस्था

१. विमानस्थलले सरसफाई कार्य चुस्त दुरुस्त राख्न, यात्रु एवं सेवाग्राहीको गुनासो आउन नदिन, सरसफाई कार्यलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बनाउन, सरसफाई सेवा प्रवाह गर्ने संस्था एवं व्यक्ति मार्फत सेवा प्रवाह गर्नेछ ।

१.१ विमानस्थल सरसफाई सेवा प्रवाह गर्ने संस्थाले सेवामा लगाउनु पूर्व सरसफाईकर्मीहरुका लागि आवश्यक तालीम, पोशाक, हवाई यात्रु एवं अन्य सेवाग्राहीसंग गर्ने बोलि व्यवहार लगायतका कुराहरुमा प्रशिक्षण, अभिमुखीकरण अनिवार्य रुपमा प्रदान गर्नुपर्नेछ ।

१.२ विमानस्थल सरसफाईकर्मीलाई अनिवार्य रुपमा आधारभूत शिप, तालिमको अलावा स्वास्थ्य र सुरक्षात्मक उपायहरु, सरसफाई सामाग्री र औजारको प्रयोगको बारेमा स्पष्ट जानकारीको व्यवस्था सरसफाई सेवा प्रवाह गर्ने संस्थाले मिलाउनुपर्नेछ ।

१.३ विमानस्थलमा कार्यरत सुपरभाइजर/सरसफाईकर्मीले अनिवार्य रुपमा कम्पनीबाट उपलव्ध गराएको पोशाक लगाउनुको अलावा डियूटी समयमा सम्वन्धित व्यक्तिको कार्य जिम्मेवारी झल्किने किसिमको ज्याकेट, मास्क, पञ्जा, जुत्ता, चश्मा र व्यक्ति एवं कम्पनीको परिचय खुल्ने फोटो सहितको विवरण समावेश भएको परिचय पत्र लगाउने व्यवस्था कम्पनी मार्फत गराउनुपर्नेछ ।

१.४ सरसफाई केमिकलहरुको प्रयोग ठीक ठाँउमा गर्ने यसको आवश्यकता र असर बारे जानकार हुने, काम सकिएपछि केमिकल सरसफाई सामाग्रीको भण्डारण उचित ठाँउमा गर्ने व्यवस्था सरसफाई सेवा प्रवाह गर्ने संस्थाले मिलाउनुपर्नेछ ।

१.५ सरसफाई प्रवाह गर्ने संस्थाले विमानस्थलमा हुने यात्रु एवं सेवाग्राहीको चापलाई मध्यनजर राखी स्थान र परिस्थिति अनुसार सरसफाई सामाग्री प्रयोग हुने हुँदा सो बारे सरसफाईकर्मी जानकार हुनुपर्ने साथै सरसफाई गर्ने क्षेत्रलाई प्राथमिकिकरण गरी कार्य गर्नुपर्नेछ । सरसफाई क्षेत्र र कामको विस्तृत विवरण 'अनुसूची २' मा तोकिए बमोजिम हुनेछ ।

१.६ सरसफाई प्रवाह गर्ने संस्थाले सरसफाईकर्मीलाई सरसफाईको महत्व यसले विमानस्थलको छविमा पार्ने प्रभाव, सरसफाईकर्मीको कामप्रतिको जवाफदेहीता, सेवा प्रति गौरववोध जस्ता विषयबस्तु समेटी प्रत्येक महिना सरसफाई अभिमुखीकरण तालिम संचालन गर्नुपर्नेछ ।

१.७ विमानस्थलमा ठेक्का प्राप्त कम्पनीले विमानस्थलमा खटाएको जनशक्तिको क्षेत्रगत कार्य विवरण, जनशक्तिको संख्या, नाम थर र सम्पर्क नं, सिफ्ट आदि तोकिएको डयूटी रोष्टर फोकल पोइन्ट समक्ष पेश गर्नुपर्नेछ ।

१.८ सरसफाई सेवा प्रवाह गर्ने संस्थाको तोकिएको प्रतिनिधिले विमानस्थलबाट उपलव्ध गराएको सरसफाई सम्वन्धी अनुगमन चेकलिस्टमा उल्लेखित विवरण भरी प्रत्येक सिफ्टमा फोकल प्वाइन्ट समक्ष पेश गर्नुपर्नेछ ।

## परिच्छेद -६
## 'फोकल पोइन्ट' सम्वन्धी व्यवस्था

१. विमानस्थलले सरसफाई सम्वन्धी कार्यको अनुगमन, निरीक्षण गर्न एक जना कम्तीमा अधिकृतस्तरको कर्मचारीलाई 'फोकल पोइन्ट' को जिम्मेवारी तोकी सो कार्य प्रति जवाफदेही बनाउनेछ ।

१.१ 'फोकल पोइन्ट' कर्मचारीको फोटो, सम्पर्क नम्वर सहितको विवरण विमानस्थलमा सवैले देख्ने गरी राख्ने व्यवस्था विमानस्थल व्यवस्थापनले मिलाउनुपर्नेछ ।

१.२ 'फोकल पोइन्ट' कर्मचारीले विमानस्थलको महत्वपूर्ण क्षेत्र, शौचालय लगायतको सरसफाई सम्वन्धी गतिविधिहरुको नियमित अनुगमन र निरिक्षणका लागि सि.सि.क्यामेरा दैनिक रुपमा मनिटर गरी आवश्यकता अनुसार Action लिई प्रभावकारी सरसफाई व्यवस्थाको सुनिश्चितता गर्नुपर्नेछ ।

१.३ हवाई यात्रु, सेवाग्राहीबाट सरसफाई सम्वन्धी आएका गुनासा, निरीक्षणका क्रममा देखिएका कमिकमजोरी, चेकलिष्ट र कार्यक्षेत्रमा देखिएका फरक आदि विषयबस्तुलाई फोकल पोइन्टले तत्काल सम्वोधन गर्नुपर्नेछ।

१.४ फोकल पोइन्टले विमानस्थलमा भएका सरसफाई लगायतका गतिविधि, थप सुधारका उपाय, तत्काल एवं दीर्घकालीन रुपमा गर्नुपर्ने कामको विवरण आदि विषयबस्तु समावेश गरी प्रत्येक दिन विमानस्थल प्रमुख समक्ष जानकारी गराउनुपर्नेछ ।

## परिच्छेद -७
## चेक लिष्ट सम्वन्धी व्यवस्था

१. विमानस्थलले विमानस्थलको भौतिक पूर्वाधार, सरसफाई जनशक्ति, आर्थिक श्रोत, यात्रुहरुको संख्या, सरसफाई सामाग्रीको उपलव्धता विश्लेषण गरी विमानस्थलमा उपलव्ध रहेका सेवा सुविधालाई समेट्ने गरी 'अनुसुची ३' मा उल्लेखित ढाँचालाई मुख्य आधार मानी विमानस्थलसंग सम्वन्धित चेकलिष्ट तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेछ ।

## परिच्छेद -८
## सरसफाई सामाग्रीको गुणस्तर एवं प्रयोग

१. सरसफाई कार्यको लागि प्रयोग हुने सरसफाई सामाग्रीहरुको बनावट, गुणस्तर आदि 'अनुसूची ४' मा उल्लेख गरेबमोजिमको हुनेछ ।

## परिच्छेद - ९
## दण्ड/पुरस्कारको व्यवस्था

१. विमानस्थलमा भईरहेको सरसफाई कार्यको हवाई यात्रुहरुबाट हुने मूल्याकंन, विमानस्थलमा रहेका सरोकारवाला पक्षहरु (विभिन्न निकायका सुरक्षा अंगहरु,वायुसेवा कम्पनीहरु, विमानस्थलमा रहेका सरकारी निकायहरु) राष्ट्रिय पत्रपत्रिका एवं अनलाइन खवरहरुमा आउने समाचार,समाजिक संजालमा आउने टीकाटिप्पणी, विमानस्थलले सरसफाई प्रति गरेको प्रगतिको उचित मूल्याकंन गरी पुरस्कृत वा दण्डीत गरिनेछ ।

## परिच्छेद -१०
## अनुगमन एवं निरीक्षण

१. नेपाल नागरिक उड्डयन प्राधिकरण आन्तरिक विमानस्थल तथा सुविधादेय विभागबाट विमानस्थलमा भईरहेको सरसफाई सम्वन्धी गतिविधि एवं क्रियाकलापहरुको नियमित एवं आवधिक रुपमा अनुगमन, निरीक्षण र मूल्याकंन गरिनेछ ।

## परिच्छेद -११
## विविध

१. सरसफाई सम्वन्धि यस निर्देशिकामा भएका व्यवस्थामा केही थपघट र समय अनुकुल परिमार्जन गर्न आवश्यक भएमा महानिर्देशकले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

१.१ यस निर्देशिकामा उल्लेखित व्यवस्था नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन र सो अन्तर्गत बनेका नियमावलीको व्यवस्थासंग बाझिएमा सो हदसम्म यस निर्देशिकाको व्यवस्था स्वतः अमान्य हुनेछ ।

१.२ विमानस्थलले सरसफाई सम्वन्धी ठेक्का-पट्टा आव्हान एवं सम्झौता गर्दा सरसफाईमा प्रयोग हुने सामान, तालिम, उचित औजार, रसायन लगायत समग्र सरसफाई क्षेत्रको व्लुप्रिन्ट समेत तयार गरी विमानस्थल सरसफाई निर्देशिकामा औल्याईएका विषयबस्तु अनिवार्य समेटिने गरी गर्नुपर्नेछ ।

अनुसूची १ परिच्छेद २ नियम २ संग सम्वन्धीत

(क) म विमानस्थल सफा रहन चाहन्छु !

मलाई फोहर नपार्नु ल !!

(ख) विमानस्थल क्षेत्रको फोहरको भारी !

उचित व्यवस्थापन हाम्रै हो जिम्मेवारी !!

(ग) फोहर गरे विपत्ति सवैलाई !

तह लगाए गौरव हामीलाई !!

(घ) यात्रु, आगन्तुक, व्यवसायी, कर्मचारी !

विमानस्थल सरसफाई सम्झउँ आफ्नै जिम्मेवारी !!

(ङ) आफ्नै भाषा, संस्कृति मौलिकताको चाहना !

सफा-सुन्दर विमानस्थलमा स्वागत गरौ पाहुना !!

(च) जथाभावी फोहर नगरौं !

सभ्य नागरिकको परिचय दिऊँ !!

(छ) सरसफाई = हामी !

……………………………………..!

……………………………………..!!

अनुसूची २ परिच्छेद ५ नियम १.५ संग सम्वन्धित

१ **कम्पाउण्ड क्षेत्र :**

(क) प्रवेशद्धार वरिपरि सफा हुनुपर्ने :

(ख) पीच सडकमा दैनिक बर्ढानु पर्ने, हप्तामा एक पटक पानीको फोहोराले धुनुपर्ने :

(ग) बगैचाका फोहोर दैनिक उठाउनुपर्ने :

(घ) फूल, बगैचा तथा नर्सरीमा नियमित पानी राख्नुपर्ने :

(ङ) अनावश्यक बस्तुहरु उचित व्यवस्थापन गर्नुपर्ने जस्तै (प्रयोगमा नआउने टिन, काठ,फलाम, इट्टा, ढुङ्गाहरु हटाउनु पर्ने आदि)

(च) डस्टवीन उचित मात्रामा राखिनुपर्ने, आवश्यकता अनुसार धुनुपर्ने (कम्तिमा हप्तामा एक पटक), प्रत्येक डस्टवीनमा विन लाइनर अनिवार्य हुनुपर्ने, कम्तिमा प्रत्येक २४ घण्टामा प्लाष्टिक सहित वीनको फोहोर उठाउनु पर्ने)

२ **पुरुष शौचालय** :

(क) सिलिङबाट माकुराको जालो हटाउनु पर्ने ।

(ख) पंखा/एसी भएमा सफा गर्नुपर्ने ।

(ग) एड्जष्ट पंखा भएमा सफा हुनुपर्ने ।

(घ) भित्ताहरु सफा हुनुपर्ने (कम्तीमा हप्तामा एक पटक धुनुपर्ने)

(ङ) ऐना शिसाका झ्यालहरु नियमित सफा हुनुपर्ने ।

(च) सिंङक सफा गनुपर्ने ।

(छ) सिंङक मुनीको भाग सफा हुनुपर्ने ।

(ज) धारा सफा हुनुपर्ने (खोल्दा पानी आउनुपर्ने) ।

(झ) ट्रे सहित हात धुने सावुन हुनुपर्ने ।

(ञ) हात पुछ्ने टावेल (नियमित बदल्ने)/हयान्ड ड्रायर हुनुपर्ने (नियमित सफा गरेको हुनुपर्ने)

(ट) शौचालयमा व्रस बाहेक कुनै पनि सरसफाईमा प्रयोग हुने सामान राख्न नहुने ।

(ठ) शौचालयको प्यान अथवा कम्वोड दैनिक रुपमा सफा र सुख्खा हुनुपर्ने, धारा अथवा होज भएमा सफा, चालु अवस्थामा हुनुपर्ने ।

(ड) प्यान शौचालय भएमा पानीको लागि बाल्टीन ५ लिटर, आधा लिटरको मग हुनुपर्ने र कम्तीमा हप्तामा एक पटक बाल्टिन, मग साबुन पानीले धुनुपर्ने ।

(ढ) कम्वोड भएको ठाउँमा अनिवार्य टवाइलेट पेपर हुनुपर्ने ।

(ण) ढोका भित्र बाहिर आवश्यकता अनुसार सफा हुनुपर्ने ।

(त) ह्याण्ड ड्रायर भएको खण्डमा चालु अवस्थामा हुनुपर्ने ।

(थ) प्लाष्टिक सहितको सानो वीन हुनुपर्ने र दैनिक रुपमा उठाइनु पर्ने ।

(द) शौचालयमा भएका स्टेनलेस स्टिलहरु पोलिस हुनुपर्ने ।

(ध) प्लाष्टिक सहितको डस्वीन राखिनुपर्ने, आवश्यकता अनुसार धुनुपर्ने (कम्तिामा हप्तामा एक पटक) कम्तिमा प्रत्येक २४ घण्टामा प्लाष्टिक सहित वीनको फोहोर उठाउनुपर्ने ।

(न) युरिनल्स भएको खण्डमा सफा हुनुपर्ने ।

(प) धाराबाट बगेको पानी सिधा ड्रेनमा जानुपर्ने ड्रेन सफा हुनुपर्ने ।

(फ) पर्दा भएको खण्डमा सफा हुनुपर्ने ।

(ब) ऐना भएको खण्डमा दुरुस्त टल्केको हुनुपर्ने ।

(भ) बाथरुका ढोकाहरु नियमित सफा गरिनुपर्ने ।

(म) कुना काप्चा सहित भुईलाई नियमित सफा गरिनुपर्ने, सुख्खा राखिनुपर्ने ।

(य) एयर फ्रेस्नर चालु अवस्थामा हुनुपर्ने ।

(र) विजुली, धारा लगायतका बस्तुहरु चालु अवस्थामा नभए तत्काल सम्वन्धित निकायमा रिर्पोट गर्नुपर्ने ।

३. **महिला शौचालय :**

(क) सिलिङबाट माकुराको जालो हटाउनुपर्ने ।

(ख) पंखा/एसी भएमा सफा हुनुपर्ने ।

(ग) एड्जष्ट पंखा भएमा सफा हुनुपर्ने ।

(घ) भित्ताहरु सफा हुनुपर्ने (कम्तीमा हप्तामा एक पटक धुनुपर्ने)

(ङ) ऐना शिसाका झ्यालहरु नियमित सफा हुनुपर्ने ।

(च) सिंङक सफा हुनुपर्ने ।

(छ) सिंङ्क मुनीको भाग सफा हुनुपर्ने ।

(ज) धारा सफा हुनुपर्ने (खोल्दा पानी आउनु पर्ने) ।

(झ) ट्रे सहित हात धुने सावुन हुनुपर्ने ।

(ञ) हात पुछ्ने टावेल (नियमित बदल्ने/चालु अवस्थाको ह्याण्ड ड्रायर हुनुपर्ने (नियमित सफा राख्नुपर्ने) ।

(ट) शौचालयमा व्रस बाहेक कुनै पनि सरसफाई प्रयोग हुने सामान हुनु नपर्ने ।

(ठ) शौचालयको प्यान अथवा कम्वोड दैनिक रुपमा सफा र सुख्खा हुनुपर्ने, धारा अथवा होज भएमा सफा र चालु अवस्थामा हुनुपर्ने ।

(ड) प्यान शौचालयको भएमा पानीको लागि बाल्टीन ५ लिटर, आधा लिटरको मग हुनुपर्ने र कम्तिमा हप्तामा एक पटक बाल्टिन, मग सावुन पानीले धुनुपर्ने ।

(ढ) कम्वोड भएको ठाँउमा अनिवार्य टवाइलेट पेपर हुनुपर्ने ।

(ण) ढोका भित्र बाहिरबाट आवश्यकता अनुसार सफा हुनुपर्ने ।

(त) ह्याण्ड ड्रायर भएको खण्डमा चालु अवस्थामा हुनुपर्ने ।

(थ) प्लाष्टिक सहितको सानो वीन हुनुपर्ने र दैनिक रुपमा उठाइनु पर्ने ।

(द) शौचालयमा भएका स्टेनलेस स्टिलहरु पोलिस हुनुपर्ने ।

(ध) प्लाष्टिक सहितको डस्टवीन राखिनु पर्ने, आवश्यकता अनुसार धुनुपर्ने (कम्तिमा हप्तामा एक पटक) कम्तिमा प्रत्येक २४ घण्टामा प्लास्टिक सहित वीनको फोहोर उठानुपर्ने । स्यानिटरी विन अनिवार्य राखिनुपर्ने ।

(न) धाराबाट बगेको पानी सिधा ड्रेनमा जानुपर्ने ड्रेन सफा हुनुपर्ने ।

(प) पर्दा भएको खण्डमा सफा हुनुपर्ने ।

(फ) ऐना भएको खण्डमा दुरुस्त टल्किनु हुनुपर्ने ।

(ब) बाथरुममा ढोकाहरु नियमित सफा गरिनुपर्ने ।

(भ) कुना काप्चा सहित भुईलाई नियमित सफा गरिनुपर्ने,सुख्खा राखिनुपर्ने ।

(म) एयर फ्रेसनर चालु अवस्थामा हुनुपर्ने ।

(य) विजुली,धारा लगायतका बस्तुहरु चालु अवस्था नभए तत्काल सम्वन्धित निकायमा रिर्पोट गर्नुपर्ने ।

**४ अपाङ्ग मैत्री शौचालय :**

(क) सिलिङबाट माकुराको जालो हटाउनु पर्ने ।

(ख) पंखा/एसी भएमा सफा हुनुपर्ने ।

(ग) एड्जष्ट पंखा भएमा सफा हुनुपर्ने ।

(घ) भित्ताहरु सफा हुनुपर्ने (कम्तीमा हप्तामा एक पटक धुनुपर्ने)

(ङ) ऐना शिसाका झ्यालहरु नियमित सफा हुनुपर्ने ।

(च) सिंङक सफा हुनुपर्ने ।

(छ) सिंङक मुनीको भाग सफा हुनुपर्ने ।

(ज) धारा सफा हुनुपर्ने (खोल्दा पानी आउनु पर्ने)

(झ) ट्रे सहित हात धुने सावुन हुनुपर्ने ।

(ञ) हात पुछ्ने टावेल (नियमित बदल्ने)/चालु अवस्थाको हयाण्ड ड्रायर हुनुपर्ने (नियमित सफा राख्नुपर्ने)।

(ट) शौचालयमा व्रस बाहेक कुनै पनि सरसफाई प्रयोग हुने सामान राख्नु नहुने ।

(ठ) शौचालयको प्यान अथवा कम्वोड दैनिक रुपमा सफा र सुख्खा हुनुपर्ने, धारा अथवा होज भएमा सफा र चालु अवस्थामा हुनुपर्ने ।

(ड) कम्वोड भएको ठाँउमा अनिवार्य टवाइलेट पेपर हुनुपर्ने ।

(ढ) ढोका भित्र बाहिरबाट आवश्यकता अनुसार सफा हुनुपर्ने ।

(ण) हयान्ड ड्रायर भएको खण्डमा चालु अवस्थामा हुनुपर्ने ।

(त) प्लाष्टिक सहितको सानो वीन हुनुपर्ने र दैनिक रुपमा उठाइनुपर्ने ।

(थ) शौचालयमा भएका स्टेनलेस स्टिलहरु पोलिस हुनुपर्ने ।

(द) प्लाष्टिक सहितको डस्वीन राखीनुपर्ने, आवश्यकता अनुसार धुनुपर्ने (कम्तिमा हप्तामा एक पटक) कम्तिमा प्रत्येक २४ घण्टामा प्लाष्टिकसहित वीनको फोहोर उठाउनुपर्ने । स्यानिटरी विन अनिवार्य राखिनु पर्ने ।

(ध) धाराबाट बगेको पानी सिधा ड्रेनमा जानुपर्ने, ड्रेन सफा हुनुपर्ने ।

(न) पर्दा भएको खण्डमा सफा हुनुपर्ने ।

(प) ऐना भएको खण्डमा दुरुस्त टल्केको हुनुपर्ने ।

(फ) कुना काप्चा सहित भुईलाई नियमित सफा गरिनुपर्ने, सुख्खा राखिनुपर्ने ।

(ब) एयर फ्रेसनर चालु अवस्थामा हुनुपर्ने ।

(भ) विजुली,धारा लगायतका बस्तुहरु चालु अवस्था नभए तत्काल सम्वन्धित निकायमा रिपोर्ट हुनुपर्ने ।

**५ क्यान्टिन एरिया :**

(क) क्यान्टिन क्षेत्र वरिपरि सफा हुनुपर्ने ।

(ख) वीन लाइनर सहितको डस्वीन हुनुपर्ने ।

(ग) भित्री एरिया सफा राखिनुपर्ने ।

(घ) शौचालय भएको खण्डमा वुँदा नं.२ र ३ अनुरुप गर्नुपर्ने ।

(ङ) खाजा/खाना खाने ठाँउ सफा हुनुपर्ने ।

(च) क्यानटिन क्षेत्रको सरसफाई एवं खानाको गुणस्तर खाद्य स्वच्छताको आधारमा होटल, रेन्टुरेन्ट स्तरीकरण गर्ने सम्वन्धी निर्देशिका २०७४ बमोजिम हुनुपर्ने ।

६ **एटिएम भएको खण्डमा** :

(क) ढोका, भित्ता, भुई, मेसिन सफा हुनुपर्ने ।

(ख) डस्वीनबाट फोहोर प्रत्येक दिन उठाईनुपर्ने ।

७. **विमानस्थल प्रवेशद्धार** :

(क) माकुराको जालो हटाउनु पर्ने ।

(ख) भित्ताहरु सफा हुनुपर्ने ।

(ग) शिसा भएको खण्डमा नियमित स्कुइजी गर्नुपर्ने, अनावश्यक स्टिकर हटाइनुपर्ने ।

(घ) वीन लाइनर सहितको डस्वीन उचित मात्रामा राखिनु पर्ने, आवश्यकता अनुसार धुनुपर्ने (कम्तिमा हप्तामा एक पटक) कम्तिमा प्रत्येक २४ घण्टामा प्लाष्टिक सहित वीनको फोहोर उठाउनुपर्ने ।

(ङ) भुई स्टीकर रहित हुनुपर्ने ।

(च) भुई सफा गर्नुपर्ने ।

८. **चेकिङ्ग एरिया :**

(क) माकुराको जालो हटाउनु पर्ने ।

(ख) भित्ताहरु सफा हुनुपर्ने ।

(ग) शिसा भएको खण्डमा नियमित स्कुइजी गर्नुपर्ने, अनावश्यक स्टिकर हटाइनुपर्ने ।

(घ) वीन लाइनर सहितको डस्वीन उचित मात्रामा राखिनु पर्ने, आवश्यकता अनुसार धुनुपर्ने (कम्तिमा हप्तामा एक पटक) कम्तिमा प्रत्येक २४ घण्टामा प्लाष्टिक सहित वीनको फोहोर उठाउनुपर्ने ।

(ङ) भुई सफा गर्नुपर्ने ।

(च) भुई स्टीकर रहित हुनुपर्ने ।

(छ) टेवुल कुर्सी धुलोरहित हुनुपर्ने ।

(ज) पिउने पानी सफा हुनुपर्ने र डिस्पोजेपल कप हुनुपर्ने ।

(झ) सिङ्क अनिवार्य रुपमा सफा राखी सावुन,टावेल, ह्याण्ड ड्रायर आदिको व्यवस्था गर्नुपर्ने ।

(ञ) क्यूबार ( Que Manager) भएको खण्डमा सफा पोलिस गरी व्यवस्थित रुपमा मिलाएको हुनुपर्ने ।

(ट) बाटा बाल्टिन लगाएतका बस्तुहरु राख्नुपर्ने भए सफा हुनुपर्ने ।

(ठ) पत्रपत्रिका राख्ने होल्डर सफा हुनुपर्ने ।

(ड) म्याटहरु भएको खण्डमा उक्त म्याट र भुई सफा हुनुपर्ने ।

९. **भिआइपी कक्ष :**

(क) माकुराको जालो हटाउनु पर्ने ।

(ख) भित्ताहरु सफा हुनुपर्ने ।

(ग) शिसा भएको खण्डमा नियमित स्कुइजी गर्नुपर्ने, अनावश्यक स्टिकर हटाइनुपर्ने ।

(घ) वीन लाइनर सहितको डस्वीन उचित मात्रामा राखिनु पर्ने, आवश्यकता अनुसार धुनुपर्ने (कम्तिमा हप्तामा एक पटक) कम्तिमा प्रत्येक २४ घण्टामा प्लाष्टिक सहित वीनको फोहोर उठाउनुपर्ने ।

(ङ) भुई सफा गर्नुपर्ने ।

(च) भुई स्टीकर रहित हुनुपर्ने ।

(छ) टेवुल कुर्सी सोफा धुलोरहित हुनुपर्ने । कम्तीमा महिनामा एक पटक टेवल,कुर्सी, सोफा सारेर अगाडी/पछाडी राम्रोसंग सफा गर्ने ।

(ज) पिउने पानी सफा हुनुपर्ने र डिस्पोजेपल कप हुनुपर्ने ।

(झ) सिङ्कमा अनिवार्य रुपमा सफा राखी सावुन,टावेल, ह्याण्ड ड्रायर आदिको व्यवस्था गर्नुपर्ने ।

(ञ) क्यूबार ( Que Manager) भएको खण्डमा सफा पोलिस गरी व्यवस्थित रुपमा मिलाएको हुनुपर्ने ।

(ट) बाटा बाल्टिन लगाएतका बस्तुहरु राख्नुपर्ने भए सफा हुनुपर्ने ।

(ठ) पत्रपत्रिका राख्ने होल्डर सफा हुनुपर्ने ।

(ड) म्याटहरु भएको खण्डमा उक्त म्याट र भुई सफा हुनुपर्ने ।

(ढ) FID एवं टि.भि.हरु भएको खण्डमा सफासुग्घर हुनुपर्ने ।

१०. **क्याफे भएको क्षेत्र :**

(क) क्याफे क्षेत्र वरिपरि सफा हुनुपर्ने ।

(ख) वीन लाइनर सहितको डस्वीन उचित मात्रामा राखिनु पर्ने, आवश्यकता अनुसार धुनुपर्ने (कम्तिमा हप्तामा एक पटक) कम्तिमा प्रत्येक २४ घण्टामा प्लाष्टिक सहित वीनको फोहोर उठाउनुपर्ने ।

(ग) भित्री एरिया सफा राखिनुपर्ने ।

(घ) शौचालय भएको खण्डमा बुँदा नं.२ र ३ अनुरुप सफा हुनुपर्ने ।

(ङ) खाजा/खाना खाने ठाँउ सफा हुनुपर्ने ।

(च) क्यानटिन क्षेत्रको सरसफाई एवं खाजाको गुणस्तर खाद्य स्वच्छताको आधारमा होटल, रेन्टुरेन्ट स्तरीकरण गर्ने सम्वन्धी निर्देशिका २०७४ बमोजिम हुनुपर्ने ।

११. **सेक्युरिटी चेकिङ्ग क्षेत्र :**

(क) माकुराको जालो हटाउनु पर्ने ।

(ख) भित्ताहरु सफा हुनुपर्ने ।

(ग) शिसा भएको खण्डमा नियमित स्कुइजी गर्नुपर्ने, अनावश्यक स्टिकर हटाइनुपर्ने ।

(घ) वीन लाइनर सहितको डस्वीन उचित मात्रामा राखिनु पर्ने, आवश्यकता अनुसार धुनुपर्ने (कम्तिमा हप्तामा एक पटक) कम्तिमा प्रत्येक २४ घण्टामा प्लाष्टिक सहित वीनको फोहोर उठाउनुपर्ने ।

(ङ) भुई सफा गर्नुपर्ने ।

(च) भुई स्टीकर रहित हुनुपर्ने ।

(छ) टेवुल कुर्सी धुलोरहित हुनुपर्ने ।

(ज) क्यूबार ( Que Manager) भएको खण्डमा सफा पोलिस गरी व्यवस्थित रुपमा मिलाएको हुनुपर्ने ।

(झ) बाटा बाल्टिन लगाएतका बस्तुहरु राख्नुपर्ने भए सफा हुनुपर्ने ।

(ञ) म्याटहरु भएको खण्डमा उक्त म्याट र भुई सफा हुनुपर्ने ।

१२. **प्रस्थान कक्ष :**

(क) माकुराको जालो हटाउनु पर्ने ।

(ख) भित्ताहरु सफा हुनुपर्ने ।

(ग) शिसा भएको खण्डमा नियमित स्कुइजी गर्नुपर्ने, अनावश्यक स्टिकर हटाइनुपर्ने ।

(घ) वीन लाइनर सहितको डस्वीन उचित मात्रामा राखिनु पर्ने, आवश्यकता अनुसार धुनुपर्ने (कम्तिमा हप्तामा एक पटक) कम्तिमा प्रत्येक २४ घण्टामा प्लाष्टिक सहित वीनको फोहोर उठाउनुपर्ने ।

(ङ) भुई सफा गर्नुपर्ने ।

(च) भुई स्टीकर रहित हुनुपर्ने ।

(छ) टेवुल कुर्सी धुलोरहित हुनुपर्ने ।

(ज) पिउने पानी सफा हुनुपर्ने र डिस्पोजेपल कप हुनुपर्ने ।

(झ) सिङ्क अनिवार्य रुपमा सफा राखी सावुन,टावेल, ह्याण्ड ड्रायर आदिको व्यवस्था गर्नुपर्ने ।

(ञ) क्यूबार ( Que Manager) भएको खण्डमा सफा पोलिस गरी व्यवस्थित रुपमा मिलाएको हुनुपर्ने ।

(ट) बाटा बाल्टिन लगाएतका बस्तुहरु राख्नुपर्ने भए सफा हुनुपर्ने ।

(ठ) पत्रपत्रिका राख्ने होल्डर सफा हुनुपर्ने ।

(ड) म्याटहरु भएको खण्डमा उक्त म्याट र भुई सफा हुनुपर्ने ।

१३. **कार्यालय कक्ष :**

(क) माकुराको जालो हटाउनु पर्ने ।

(ख) भित्ताहरु सफा हुनुपर्ने ।

(ग) शिसा भएको खण्डमा नियमित स्कुइजी गर्नुपर्ने, अनावश्यक स्टिकर हटाइनुपर्ने ।

(घ) वीन लाइनर सहितको डस्वीन उचित मात्रामा राखिनु पर्ने, आवश्यकता अनुसार धुनुपर्ने (कम्तिमा हप्तामा एक पटक) कम्तिमा प्रत्येक २४ घण्टामा प्लाष्टिक सहित वीनको फोहोर उठाउनुपर्ने ।

(ङ) भुई सफा गर्नुपर्ने ।

(च) भुई स्टीकर रहित हुनुपर्ने ।

(छ) टेवुल कुर्सी धुलोरहित हुनुपर्ने ।

(ज) पिउने पानी सफा हुनुपर्ने र डिस्पोजेपल कप हुनुपर्ने ।

(झ) बाटा बाल्टिन लगाएतका बस्तुहरु राख्नुपर्ने भए सफा हुनुपर्ने ।

(ञ) पत्रपत्रिका राख्ने होल्डर सफा हुनुपर्ने ।

(ट) म्याटहरु भएको खण्डमा उक्त म्याट र भुई सफा हुनुपर्ने ।

१४. **टावर/फायर कन्ट्रोल कक्ष :**

(क) माकुराको जालो हटाउनु पर्ने ।

(ख) भित्ताहरु सफा हुनुपर्ने । कन्सोल प्यानल सफा हुनुपर्ने, इलेक्ट्रीकल एवं अन्य तारहरुको सरसफाई एवं उचित व्यवस्थापन हुनुपर्ने ।

(ग) शिसा भएको खण्डमा नियमित स्कुइजी गर्नुपर्ने, अनावश्यक स्टिकर हटाइनुपर्ने ।

(घ) वीन लाइनर सहितको डस्वीन उचित मात्रामा राखिनु पर्ने, आवश्यकता अनुसार धुनुपर्ने (कम्तिमा हप्तामा एक पटक) कम्तिमा प्रत्येक २४ घण्टामा प्लाष्टिक सहित वीनको फोहोर उठाउनुपर्ने ।

(ङ) भुई सफा गर्नुपर्ने ।

(च) भुई स्टीकर रहित हुनुपर्ने ।

(छ) टेवुल कुर्सी धुलोरहित हुनुपर्ने ।

(ज) पिउने पानी सफा हुनुपर्ने र डिस्पोजेपल कप हुनुपर्ने ।

(झ) सिङ्क अनिवार्य रुपमा सफा राखी सावुन,टावेल, ह्याण्ड ड्रायर आदिको व्यवस्था गर्नुपर्ने ।

(ञ) बाटा बाल्टिन लगाएतका बस्तुहरु राख्नुपर्ने भए सफा हुनुपर्ने ।

(ट) पत्रपत्रिका राख्ने होल्डर सफा हुनुपर्ने ।

(ठ) म्याटहरु भएको खण्डमा उक्त म्याट र भुई सफा हुनुपर्ने ।

१५. **विविध :**

(क) विमानस्थल क्षेत्रमा अवस्थित तामा, पित्तलका गमला, मूर्ति तथा प्रयोगमा आएका अन्य बस्तुहरुको कम्तीमा हप्तामा एक पटक वा व्रास पोलिस मार्फत सफा गर्नुपर्ने ।

(ख) धुमपान कक्ष भएको खण्डमा आवश्यक सामाग्रीको प्रयोग गरी नियमित रुपमा सफा गर्नुपर्ने ।

(ग) भित्तामा टाँगिएका सौन्दर्यकरण सामाग्री, विज्ञापन वोर्ड आदिको नियमित सरसफाई गरी चुस्त दुरुस्त राख्नुपर्ने ।

(ङ) उल्लेखित सरसफाई कार्य बाहेक ‘फोकल पोइन्ट’ बाट समय समयमा निर्देशन भए बमोजिम गर्नुपर्नेछ

अनुसुची ३ परिच्छेद ७ नियम १ संग सम्वन्धित

**CIVIL AVIATION AUTHORITY OF NEPAL.**

**Cleaning of CAAN *Office Buildings* and its Premises area**

**…..............................OFFICE**

**Monitoring Inspection Checklist**

Date:

| S.N. | Particular Areas | Office time | | | |
|---|---|---|---|---|---|
| | | 10am | 1-2:00 PM | 4-5 pm | Signature |
| 1 | Passage | | | | |
| 2 | Floor | | | | |
| 3 | Wall | | | | |
| 4 | Glass | | | | |
| 5 | Wash Basin | | | | |
| 6 | Basin Tab | | | | |
| 7 | Urinal | | | | |
| 8 | Urinal Flush | | | | |
| 9 | Commode | | | | |
| 10 | Commode Cover | | | | |
| 11 | Commode Flush | | | | |
| 12 | Commode Spray | | | | |
| 13 | Pan | | | | |
| 14 | Pan Flush | | | | |
| 15 | Pan Tab | | | | |
| 16 | Tissue Paper | | | | |
| 17 | Soap | | | | |
| 18 | Hand Dryer | | | | |
| 19 | Napkin Paper | | | | |
| 20 | Cube/V-Screen | | | | |
| 21 | Garden areas | | | | |
| 22 | parking areas | | | | |
| 23 | Canteen areas | | | | |
| 24 | balcony | | | | |
| 25 | Meeting rooms | | | | |
| 26 | Stair all areas | | | | |
| 27 | Open ground areas | | | | |
| 28 | Others | | | | |

**Index to be filled by supervisor** G-Good, S-Satisfactory, N-Not Satisfactory

**Remarks** : Checked by

अनुसुची ३ परिच्छेद ७ नियम १ संग सम्बन्धित

# ...................विमानस्थल नागरिक उड्डयन कार्यालय

## टर्मिनल कक्ष

## फेसिलिटी इन्सपेक्सन चेक लिस्ट

**प्रस्थान कक्ष (चेक-इन एरिया)**

| सि.न. | विवरण | राम्रो | सन्तोषजनक | सुधार गर्नु पर्ने काम | बिग्रिएको | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | चेक इन क्षेत्रको समग्र सरसफाई | | | | | |
| 2 | चेक इन एरिया ट्वाइलेटको समग्र सरसफाई | | | | | |
| 3 | चेक इन एरिया ट्वाइलेटको समग्र धाराहरु | | | | | |
| 4 | बत्ति/पंखा/FID/घडी | | | | | |
| 5 | पिउने पानी & CUP | | | | | |
| 6 | WI-FI | | | | | |

**अध्यागमन तथा सुरक्षा चेक जाँच कक्ष**

| सि.न. | विवरण | राम्रो | सन्तोषजनक | सुधार गर्नु पर्ने काम | बिग्रिएको | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | **अध्यागमन तथा सुरक्षा** एरियाको समग्र सरसफाई | | | | | |
| 2 | **अध्यागमन तथा सुरक्षाको** समग्र सरसफाई | | | | | |
| 3 | **अध्यागमन तथा सुरक्षाको** समग्र धाराहरु | | | | | |
| 4 | बत्ति/पंखा/FID/घडी | | | | | |
| 5 | पिउने पानी & CUP | | | | | |
| 6 | WI-FI | | | | | |

**स्टेराइल डिपार्चर कक्ष**

| सि.न. | विवरण | राम्रो | सन्तोषजनक | सुधार गर्नु पर्ने | बिग्रिएको | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | स्टेराइल डिपार्चर एरियाको समग्र सरसफाई | | | | | |
| 2 | स्टेराइल एरिया ट्वाइलेटको समग्र सरसफाई | | | | | |
| 3 | स्टेराइल एरिया ट्वाइलेटको समग्र धाराहरु | | | | | |
| 4 | बत्ति/पंखा/FID/घडी/Exhaust Fan/ AC | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 6 | पिउने पानी & CUP | | | | | |
| 7 | WI-FI | | | | | |

**आगमन/अध्यागमन कक्ष**

| सि.न. | विवरण | राम्रो | सन्तोषजनक | सुधार गर्नु पर्ने | बिग्रिएको | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | आगमन/अध्यागमन कक्षको समग्र सरसफाई | | | | | |
| 2 | आगमन/अध्यागमन कक्षको समग्र सरसफाई | | | | | |
| 3 | आगमन/अध्यागमन कक्षको समग्र धाराहरु | | | | | |
| 4 | बत्ति/पंखा/FID/घडी/Exhaust Fan/ AC | | | | | |
| 5 | Ramp Area Flood Light | | | | | |
| 6 | पिउने पानी & CUP | | | | | |
| 7 | WI-FI | | | | | |

**भन्सार कक्ष**

| सि.न. | विवरण | राम्रो | सन्तोषजनक | सुधार गर्नु पर्ने | बिग्रिएको | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | भन्सार कक्षाको समग्र सरसफाई | | | | | |
| 2 | भन्सार कक्ष ट्वाइलेटको समग्र सरसफाई | | | | | |
| 3 | भन्सार कक्ष ट्वाइलेटको धाराहरु | | | | | |
| 4 | बत्ति/पंखा/FID/घडी/Exhaust Fan/ AC | | | | | |
| 5 | Trolley सेवा | | | | | |
| 6 | WI-FI | | | | | |

**विशिष्ट कक्ष (VIP)**

| सि.न. | विवरण | राम्रो | सन्तोषजनक | सुधार गर्नु पर्ने | बिग्रिएको | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | विशिष्ट कक्षको समग्र सरसफाई | | | | | |
| 2 | विशिष्ट कक्ष ट्वाइलेटको समग्र सरसफाई | | | | | |
| 3 | विशिष्ट कक्ष ट्वाइलेटको धाराहरु | | | | | |
| | विशिष्ट कक्षको ट्वाइलेटको ट्वाइलेट पेपर/टावेल/अन्य सामाग्री | | | | | |
| 4 | विशिष्ट कक्षको बत्ति/पंखा/FID/घडी/Exhaust Fan/ AC/ Water Dispensor/TV | | | | | |
| 5 | पिउने पानी & CUP | | | | | |
| 6 | WI-FI | | | | | |

Baggage Claim area

| सि.न. | विवरण | राम्रो | सन्तोषजनक | सुधार गर्नु पर्ने काम | बिग्रिएको | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | Baggage Claim area को समग्र सरसफाई | | | | | |
| 2 | चेक इन एरिया ट्वाइलेटको सरसफाई | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 3 | चेक इन एरिया ट्वाइलेटको धाराहरु | | | | | |
| 4 | बत्ति/पंखा/FID/घडी | | | | | |
| 5 | पिउने पानी & CUP | | | | | |
| 6 | WI-FI | | | | | |

**अन्य सेवाहरु**

| सि.न. | विवरण | राम्रो | सन्तोषजनक | सुधार गर्नु पर्ने | बिग्रिएको | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | अनुमति पत्र(पास)को निरक्षण तथा अनुगमन कार्य | | | | | |
| 2 | टेलिफोन सभिर्स | | | | | |
| 3 | ड्युटी अफिस तथा मिटिङ्ग हलको सरसफाई | | | | | |
| 4 | X-RAY Machine | | | | | |
| 5 | कार्ड रिडर गेट | | | | | |
| 6 | मेडिकल सर्भिस | | | | | |
| 7 | पानीको जार व्यवस्थापन | | | | | |
| 8 | फोहोर मैला व्यवस्थापन | | | | | |
| 9 | Smoking Room Lighter | | | | | |
| 10 | Terminal building all area | | | | | |
| 11 | Tower building all area | | | | | |
| 12 | Fire building all area | | | | | |
| 13 | Breast feeding room | | | | | |
| 14 | Canteen area | | | | | |
| 15 | Fire Extinguisher | | | | | |
| 16 | Medical check up room | | | | | |

**पार्किङ्ग/आगमन तथा प्रस्थान गेट बाहिरको क्षेत्र**

| सि.न. | विवरण | राम्रो | सन्तोषजनक | सुधार गर्नु पर्ने | बिग्रिएको | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | सरसफाई | | | | | |
| 2 | Passenger Walk- Way | | | | | |
| 3 | Medical Kit Box | | | | | |
| 4 | ATM Machine Area | | | | | |
| 5 | Hoarding\Flex board | | | | | |
| 6 | बत्ति | | | | | |

**आन्तरिक टर्मिनल ड्युटी अफिस**

| सि.न. | विवरण | राम्रो | सन्तोषजनक | सुधार गर्नु पर्ने | बिग्रिएको |
|---|---|---|---|---|---|
| 1 | FID | | | | |
| 2 | टेलिफोन/इन्टरकम | | | | |
| 3 | कम्प्युटर/प्रिन्टर | | | | |
| 4 | फोटोकपि मेशिन | | | | |
| 5 | AC | | | | |
| 6 | पानीको जार संख्या (खाली/भरिएको) | | | | |

**एनाउन्स यूनिट**

| सि.न. | विवरण | राम्रो | सन्तोषजनक | सुधार गर्नु पर्ने | बिग्रिएको |
|---|---|---|---|---|---|
| 1 | FID | | | | |
| 2 | टेलिफोन/इन्टरकम | | | | |
| 3 | कम्प्युटर | | | | |
| 4 | AC | | | | |

Supervisor's from Shiftwise

Shift-1:

Shift-2:

Restroom/Washroom/Toilet includes- All Ladies, Jens & Disable

**ममर्त/सुधारका लागी समन्वय गरिएका निकायहरु**

| | निकाय | कर्मचारीको नाम | दर्जा | मिति | समय |
|---|---|---|---|---|---|
| 1 | ........................... | ........................... | ..................... | .................. | .................. |
| 2 | ........................... | ........................... | ..................... | .................. | .................. |
| 3 | ........................... | ........................... | ..................... | .................. | .................. |

**सुझाव तथा सल्लाहहरु**

**निरिक्षण गर्ने कर्मचारीहरु**

1

2

3

4

5

**Focal Point नाम तथा**
**हस्ताक्षर : :**

**पुनश्चः निरिक्षण कार्य प्रत्येक दिन तोकिएको समयमा गर्नु पर्ने छ।**

अनुसूची ४ परिच्छेद ८ नियम १ संग सम्वन्धित

# CIVIL AVIATION AUTHORITY OF NEPAL.

## Required general materials, chemicals, tools and PPE for Quality Cleaning

| A | **Required general materials** | | | |
|---|---|---|---|---|
| 1 | Spiral HD or equivalent toilet paper | 81 | Dry mop | |
| 2 | Jumbo toilet paper | 82 | Hand wash dispenser | |
| 3 | Small ordinary toilet paper | 83 | Tissue paper | |
| 4 | Toilet cleaning chemicals | 84 | Automatic room freshener dispenser with refilling system | |
| 5 | Glass cleaning chemicals | 85 | Washing Powder or Equivalent | |
| 6 | Detergent | 86 | plastic mug | |
| 7 | Disposable glass/ CUP | 87 | hand dust pan | |
| 8 | Floor Duster for drying | 88 | Scarper | |
| 9 | Small soap | 89 | Scarper with handle | |
| 10 | Floor wiper with long handle (17" squzeer) | 90 | | |
| 11 | Brass powder | 91 | Dust Bin (medium) | |
| 12 | Steel wool | 92 | Soap(big) or Equivalent | |
| 13 | Green pad | 93 | Air Freshner refill | |
| 14 | Falatin cloth | 94 | 4" Hand pump | |
| 15 | Kora cloth | 95 | 2" hand pump | |
| 16 | Insecticides spray | 96 | Soap dispenser | |
| 17 | Plastic disposable garbage bag (big size) | 97 | Hand brush | |
| 18 | Air freshner | 98 | Soap dispenser | |
| 19 | Amrisa Kucho | 99 | Hand brush | |
| 20 | Khareto | 100 | Tissue paper holder | |
| 21 | Commod brush with stand | 101 | Furnature maintener | |
| 22 | Water stain removal | 102 | Water stain removal | |
| 23 | 20 ltr capacity plastic bucket | 103 | Urenal screen | |
| 24 | Plastic jug | 104 | White glazed commod one piece | |
| 25 | Nilon scrubbing brush (round/big) | 105 | Scrubbing disk machine pad holder | |
| 26 | Plastic dust pan (Big) | 106 | White glazed commod one piece | |
| 27 | Standing plastic dust pan with handle ( Flexible) | 107 | Scrubbing disk machine pad holder | |
| 28 | Quality rubber pump (Big) | 108 | Telescopic handle | |
| 29 | Quality rubber pump (Small) | 109 | Toilet Bowl Cleaner | |
| | | | | |
| 30 | 80 ltr capacity plastic bucket | **B** | **Required chemicals for Quality Cleaning** | |

| | | | | |
|---|---|---|---|---|
| 31 | Spider net removing brush with big stand | 1 | Toilet cleaning chemicals | |
| 32 | Flush clean | 2 | Glass cleaning chemicals | |
| 33 | Spider net removing brush with big stand | 3 | Acid litre | |
| 34 | Air freshener bottle with trigger | 4 | Detergent liquid | |
| 35 | Backpack Vacuum | 5 | Liquid soap hand wash | |
| 36 | Bin Liner 240 litre] | 6 | Phenol | |
| 37 | Bin liner 36 litre | 7 | Taski R2 Floor Cleaning | |
| 38 | Bin liner 82 litre | 8 | Taski R6 Floor Cleaning | |
| 39 | Bleach 5 litre | 9 | chemical for PVC floor cleaning | |
| 40 | Bleach Bottle with trigger | 10 | Steriper for gum removal | |
| 41 | Blue Mop Bucket | 11 | Sterix A super or equivalent for washroom cleaner | |
| 42 | Blue Mop handle | 12 | Glass Cleaner Halo | |
| 43 | Bucket for Chemicals | 13 | Major Plus mop chemical | |
| 44 | Cobweb Brush | 14 | water stain removal or equivalent | |
| 45 | Extension pole for high Squeegee | 15 | Sterix A super or equivalent for wash room cleaner and sanitizer | |
| 46 | Feather duster | 16 | urinal screen | |
| 47 | Floor broom hard | 17 | white glazed procelain clay one piece commode | |
| 48 | Floor broom soft | 18 | Scrubbing disc machine pad holder | |
| 49 | Floor Scraper | 19 | Standard full arm leather sleeve | |
| 50 | Floor Squeegee | 20 | Window Washing bucket with wiper all complete set | |
| 51 | Floor Scrubbing Machine | 21 | Telescopic handle | |
| 52 | Floor Buffing Machine | 22 | Staimless police | |
| 53 | Glass Cleaner bottle with trigger | 23 | chemical discovery , R2 or equivalent for marble floor washing | |
| 54 | Glass microfibre cloth blue | 24 | Chemical for PVC floor cleansing | |
| 55 | Hose connector | 25 | Steriper for gum removal | |
| 56 | Hose head | 26 | Furniture maintener/police | |
| 57 | Hose pipe | 27 | Chemicals noble or equivalent for marble polishing | |
| 58 | Lobby dustpan set | 28 | standard cleansing Trolley bucket set with wheel | |
| 59 | Major Plus mop chemical 5 Litre | | | |
| 60 | Medium disposable gloves | **C** | **Required tools for Quality Cleaning** | |
| 61 | Microfibre cloth blue | 1 | Houskeeping service trolley | |
| 62 | Microfibre cloth red | 2 | Information display sign | |
| 63 | Pressure Hose | 3 | Escalator Cleaning Machine | |

| | | | | |
|---|---|---|---|---|
| 64 | Red Mop Bucket | 4 | Scissor trolley | |
| 65 | Red mop handle | 5 | Others as per required | |
| 66 | Spray and wipe bottle with trigger | | | |
| 67 | Squeegee blade set and washer | | | |
| 68 | Squeegee bucket | **D** | **Required Personal Protective Euipments (PPE) for QualityCleaning** | |
| 69 | Scourer heavy duty | 1 | Small disposable gloves | |
| 70 | Toilet bowl cleaner | 2 | Medium disposable gloves | |
| 71 | Wet floor sign | 3 | Large disposable gloves | |
| 72 | Window Scraper with blade | 4 | Rubber gloves (medium size) | |
| 73 | Wooden handle for floor squeegee | 5 | GUM Boots | |
| 74 | Wooden handle for floor squeegee | 6 | Goggles/Spectacles | |
| 75 | Bean Liner (garbage Bag small) | 7 | Wearing apron | |
| 76 | Granite polish (Liquid crystallizer) | 8 | Safety Masks | |
| 77 | Urinal pad | | | |
| 78 | Squeezer Big Size | | | |
| 79 | Dry mop | | | |
| 80 | Squeezer Big Size | | | |
| | **All materials should be of higher standard quality.<br>**The material consumption will depend on the frequency of passengers movement. | | | |

अनुसूची ४ परिच्छेद ८ नियम १ संग सम्वन्धित

# CIVIL AVIATION AUTHORITY OF NEPAL.

…............................. AIRPORT CIVIL AVIATION OFFICE

## AIRSIDE GRASS AND BUSHES CUTTING Monitoring Inspection Checklist

| S.N. | Description of Work | Date | Grid/area | Signature |
|---|---|---|---|---|
| 1 | | | | |
| 2 | | | | |
| 3 | | | | |
| 4 | | | | |
| 5 | | | | |
| 6 | | | | |
| 7 | | | | |
| 8 | | | | |
| 9 | | | | |
| 10 | | | | |
| 11 | | | | |
| 12 | | | | |
| 13 | | | | |
| 14 | | | | |
| 15 | | | | |

**Remarks** :

**Checked by :**